puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com

पुथा उत्तरगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०७८।०७९
च.नं. :

प्रथम पटक प्रकाशित मिति २०७८/११/०२ गते

## प्रस्ताव आव्हान सम्वन्धि सूचना ।

आ.व .२०७८/०७९ को यस पुथा उत्तरगंगा गाउँपालिका कृषि विकाश शाखाबाट प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाका लागी राष्ट्रिय योजना आयोगबाट प्राप्त विशेष अनुदान तथा गाउँपालिका समानिकरण अनुदानबाट संचालन हुने तपसिल अनुशारको कार्यक्रम संचालन गर्नुपर्ने भएकोले ईच्छुक कृषक/कृषक समुह/ कृषि फर्म /कृषि सहकारी/कृषि उद्यमी र कृषि कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले कम्तिमा १५ दिन मिति २०७८/११/१७ गते भित्र तपसिलमा उल्लेखित कागजात संलग्न राखी यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाचाँ संलग्न गर्नुपर्ने कागजात मापदण्ड कृषि ईकाईहरु र यस कार्यालयबाट प्राप्त गर्न सकिने छ।

तपसिल

| क्र.स. | कार्यक्रम | मापदण्ड | संख्या | क्रियाकलाय | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | जडिबुटी संकलन केन्द्र स्थापना | ५ रोपनी क्षेत्रफल | १ | संकलन केन्द्र स्थापना/ तथा नयाँ नर्सरी स्थापना ,कृषि औजार,मलखाद,बिउ ,बेर्ना आदि खरिद । | कुल लागतको ७५% बढिमा ४ लाख सम्म । | |
| २. | मकैको बिउ खरिद | एउटै कलष्टरमा न्युनतम ४ रोपनी क्षेत्रफल | मागको आधारमा पछी निर्धारण गरिने | उन्नत/मुल विउ वितरण | कुल लागतको ७५% बढिमा २ लाख सम्म | अनुमानित लागत मुल्य प्रति Kg मुल रु ११०। उन्नत रु ८०। |
| ३. | आलुको विउ खरिद | एउटै कलष्टरमा न्युनतम २ रोपनी क्षेत्रफल | मागको आधारमा पछी निर्धारण गरिने | उन्नत विउ वितरण | कुल लागतको ७५% बढिमा ३ लाख सम्म | अनुमानित मुल्य प्रति Kg रु ६०। |
| ४. | साना सिचाँई निर्माण तथा मर्मत संभार | ५ हेक्टर क्षेत्रफल | १ | नयाँ कुलो निर्माण,पाईप खरिद, पुराना कुलो मर्मत । | कुल लागतको ८५% बढिमा ६ लाख सम्म | वडा नं. २ मा संचालन हुने |

बलिराम नारायण यादव
प्रमुख प्रशासकीय अधिकृत

puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com

पुथा उत्तरगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प सं.: ०७८।०७९
च.नं. :

प्रथम पटक प्रकाशित मिति २०७८/११/०२ गते

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | साना मेसिनरी औजार खरिदमा अनुदान | न्युनतम फलफुलको ५० बोट लगाएको हुनु पर्ने | मागको आधारमा पछी निर्धारिन गरिने | आरि,सिकेचर र भर्याङ बितरण | कुल लागतको ७५% बढिमा २ लाख सम्म | अनुमानित मुल्य आरि प्रति पिस रु ९५०। ,सिकेचर रु १०००। र भर्याङ 8Ft को रु १२७००। |

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु :-**

१) रु १० को टिकट टाँस गरि अनुसूचि -६ बमेजिमको प्रस्ताव निवेदन ।

२)सम्बन्धित संस्थाको दर्ता /नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी,

३) गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

४) स्थायी लेखा नं. को प्रतिलिपी ।

५) प्रस्तावित कार्यक्रम संचालनको लागी कार्ययोजना सहितको प्रस्ताव ।

६) प्रस्तावित कार्यक्रम माग गर्न गरिएको बैठकको निर्यण प्रतिलिपी ।

७) अनुसूचि -७ बमेजिमको विवरण ।
८) प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी ।
९) सम्बन्धित वडा कार्यालय/ कृषि ईकाईको सिफारिस ।
१०)जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि
११) स्वघोषणा पत्र ।

**बोधार्थ**

श्री पुथा उत्तरगंगा गाउँपालिका सबै वडा कार्यालयरहरु सूचना टाँस गरि दिनुहुन ।

श्री कृषि सम्पर्क ईकाईहरु सबै सूचना टाँस गरि दिनुहुन ।

श्री सुचना प्रविधि शाखा Website मा अपलोड गरिदिनु हुन ।

वशिष्ट नारायण यादव
नि.प्रमुख प्रशासकिय अधिकृत